Received Date: Sept. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# भक्तपुरमाथि गोरखाली आक्रमणः एक विश्लेषणात्मक अध्ययन

**सहप्रा. बलराम कायस्थ (पिएच डि)**
इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
Email : balaramkayastha@gmail.com
*Doi : https://doi.org/10.3126/ppj.v3i2.66204*

**सार**

*गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गर्ने क्रममा कान्तिपुर र ललितपुर नाम मात्रको लडाई लडेर जितेका भएपनि भक्तपुर जित्न भने ठूलै संघर्ष गर्नु परेको थियो । यसका लागि उनले लगभग एक वर्षसम्म तयारी गर्नु परेको देखिन्छ । किनकि भक्तपुर विजय बिना समग्र नेपालउपत्यका विजय भएको मानिदैनथ्यो । यसैले युद्धको बेला आतङ्कको नीति अवलम्बन गर्न समेत उनी पछि परेनन् । किनकि भक्तपुर उच्च भूभागमा बसेको मध्यकालीन सुरक्षित गढरुपको बस्ती थियो । मूल वस्ती नदी खाई र पर्खालले घेरिएको थियो– पहिलो कुरा । दोस्रो कुरा, भक्तपुरका प्रजाहरु आपसमा संगठित रहनु । तेस्रो कुरा, त्यहाँ राजा र प्रजाबीच सुमधुर सम्बन्ध हुनु । यिनै कारणले गर्दा उनले भक्तपुर विजय गर्न आफ्नो सम्पूर्ण शक्ति लगाएका देखिन्छन् । अर्कोतिर, भक्तपुरका लागि पनि गोरखालीसंगको यो युद्ध आफ्नो जीवन मरणको प्रश्नसंग सम्बन्धित हुनपुगेको थियो अर्थात् आफ्नो अस्तित्व र पहिचानको रक्षाका लागि लडिएको लडाई थियो-यो युद्ध । यसैले अन्तिम घडीसम्म पनि भक्तपुरले आफ्ना प्रजालाई गोरखालीको विरुद्ध तयार राख्ने, बाह्य क्षेत्रबाट सहयोग प्राप्त गर्ने प्रयासहरु गरेका थिए । यसमा कान्तिपुरका शरणागत राजा जयप्रकाश मल्लको नेतृत्वदायी भूमिका महत्वपूर्ण रह्यो । यसरी साहित्य, कलाकौशल र साँस्कृतिक परम्पराका धनी नेवारहरुले यस युद्धमा आफ्नो वीरताको पनि प्रदर्शन गरे । वास्तवमा दुई दिनसम्म चलेको यस युद्धमा ५०० घर नष्ट हुनाका साथै दुई हजार भन्दा बढी मानिसहरुले आफ्नो प्राण आहुति गरेबाट पनि यो युद्ध बहादुरीका साथ लडिएको थियो भन्ने कुरा थाहा हुन आउँछ ।*

**शब्दकुञ्जि–** जयप्रकाश मल्ल, नगरकोटी सेना, पचपन्नझ्याले राजप्रासाद, सुरप्रताप शाह, हिटीचोक दरबार ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनलाई तथ्यमा आधारित र प्रामाणिक बनाउन निम्नलिखित सामग्री संकलन विधि र अध्ययन विधि प्रयोग गरिएको छ । यसमा प्राथमिक र सहायक दुवै स्रोतसामग्री उपयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत सम्बद्ध ऐतिहासिक स्थानहरुको स्थलगत अध्ययन, प्रत्यक्ष अवलोकन, स्थानीय प्रबुद्ध व्यक्तिहरुबाट प्राप्त जानकारी रहेका छन् भने सहायक स्रोत अन्तर्गत प्रकाशित ग्रन्थ, पुस्तक, लेखरचनाहरु रहेका छन् । यसरी प्राप्त भएका स्रोतसामग्रीलाई अध्ययन गर्नका लागि विश्लेषणात्मक, वर्णनात्मक, ऐतिहासिक र तुलनात्मक विधिहरु उपयोग गरिएको छ । यस अध्ययनलाई एम.एल.ए.(मोडर्न ल्याङ्ग्वेज एसोसिएसन) अर्थात् हावर्ड सन्दर्भ शैलीको आधारमा पूर्णता प्रदान गरिएको छ ।

## भक्तपुरको राजनैतिक परिस्थिति

गोरखाली आक्रमणको समयमा भक्तपुरमा रणजित मल्ल राजा थिए, जो शान्त, सरल र धार्मिक स्वभावका थिए । तर परिस्थितिजन्य कारणहरुले गर्दा राजा भएदेखि नै उनले विभिन्न युद्धमा संलग्न हुनु पर्‍यो । छिमेकी राज्यबाट भएका घात प्रतिघात, गोरखालीको घेराबन्दी अनि आफ्नै दरबारभित्रको पारिवारिक कलह जस्ता समस्याले उनको राजनीतिक जीवन निक्कै कष्टप्रद रहेको अनुमान हुन्छ । गोरखासंगको मितेरी सम्बन्ध उनको जीवनको सबैभन्दा ठूलो राजनीतिक भूल थियो, जुन कुरा उनले पछि मात्र थाहा पाए । गोरखाको devide and rule

policy अर्थात् “फुटाउ र शासन गर” भन्ने नीतिलाई उनले समयमै बुझ्न सकेनन् । उनको यही कमजोरीले गर्दा केवल भक्तपुर राज्य मात्र नभएर उपत्यकाको समग्र मल्लराज्यको पतन संभव हुन गयो । यताबाट उनी योग्य र दुरदर्शी शासक थिएनन् भन्ने थाहा हुन्छ । गोरखालीहरु त्यतिबेला साम, दाम, दण्ड, भेद आदि सबै नीति अपनाएर चारैतिर विजयको झण्डा गाड्दै आएका थिए । विजय उन्मादले तिनमा नयाँ जोश, जाँगर, उमङ्ग छाएको थियो । युद्ध हुँदा एक पक्षको जीत र अर्को पक्षको हार त निश्चित् रुपमा हुन्छ नै । यसमा कुनै सन्देह छैन । तथापि तत्कालीन संकटपूर्ण परिस्थितिमा पनि उनले आफ्ना प्रजाको मतलाई शिरोधार्य गरी तिनकै सहयोग समर्थनमा शरणागत राजाहरुलाई ससम्मान भक्तपुरमा बस्न दिइ सबैको सहयोग लिएर जुन किसिमले गोरखाली फौजको प्रतिकार गरे, त्यसले गर्दा उनी नेपालकै प्रथम प्रजातान्त्रिक राजा थिए भन्ने कुरामा कसैको दुईमत हुन सक्तैन । यताबाट कुनै पनि महत्वपूर्ण राजनीतिक समस्यामा जनमतलाई महत्व दिने सकारात्मक सोच उनमा रहेको पाइन्छ । वास्तवमा मल्लकालभरि नै भक्तपुरमा जनप्रिय शासन चलेको थियो । त्यतिबेला धर्म र पुण्यको काम होस् वा विकास निर्माण सम्बन्धी काम वा राज्यमा आइपरेको संकट निवारण गर्नु पर्‍यो भने राजाहरुले स्थानीय जनताको सल्लाह, सुझाव र सहयोग लिने गर्दथे भन्ने कुरा अनेक प्रसङ्गले स्पष्ट पार्दछ । यस्तो सुमधुर सम्बन्ध मल्लकालको अन्तिम समयसम्म पनि कायम रहेको थियो भन्ने तथ्य यसबाट पुष्टि हुन्छ ।

यसरी राजाले जनताको भावनालाई कदर गर्ने अनि जनताले पनि राजाको हरेक कदममा कदम मिलाएर साथ दिने परम्परा भक्तपुरमा रहेको थियो । यसको एउटा ज्वलन्त उदाहरणका रुपमा अद्यापि यहाँ मनाइने प्रसिद्ध बिस्केटजात्रालाई लिन सकिन्छ, जसमा राजाको प्रतीक खड्ग (तरवार) र जनप्रतिनिधि(मन्त्री) को प्रतीक एक ब्राम्हण रथमा नराखी रथजात्रा औपचारिक रुपमा संचालन नहुने परम्परा दृष्टिगत भएबाट यस तथ्यको पुष्टि हुन्छ ।

## गोर्खाली आक्रमण

नेपाल उपत्यका विजय गर्ने योजना अनुरुप कान्तिपुर र ललितपुरमाथि आफ्नो नियन्त्रण कायम भइसकेपछि अब गोरखाका राजा पृथ्वीनारायण शाह भक्तपुर विजय गर्ने अभियानमा लागे । किनभने भक्तपुर विजय बिना समग्र नेपाल उपत्यका आफ्नो पकड़मा आउन सक्तैनथ्यो । यसैकारण सर्वप्रथम उनले भक्तपुरका राजा तथा आफ्ना मीतबाबु रणजित मल्ललाई भक्तपुर पुगेका दुवै भगुवा राजाहरुलाई फिर्ता पठाउनु भन्ने सन्देश पठाए । कान्तिपुरका जयप्रकाश मल्ल र ललितपुरका तेजनरसिंह मल्ल यतिखेर आफ्ना राज्यबाट भागेर सर्वप्रथम भक्तपुरको दत्तात्रय मन्दिरमा आई बसेका थिए । उनीहरु शरणका लागि गोरखाको चिरपरिचित शत्रु चौबिसी राज्यहरुमा पनि जान सक्थे । तर बीचबाटोमा गोरखालीले पक्रन सक्ने डर भएकोले त्यता नगएर भक्तपुर आएका देखिन्छन् । दत्तात्रय मन्दिरबाटै उनीहरुले राजा रणजित मल्लकहाँ शरण मागेको खबर पठाए । राजा ठूलो धर्मसंकटमा परे । शरण दिउँ त गोरखाको एकिकृत शक्तिसंग जुध्नु पर्ने, नदिउँ त धर्म र न्यायिक परम्परा विरुद्ध हुने । अतः शरण दिने कि नदिने भन्ने विषयमा पचपन्न झ्यालयुक्त राजप्रासादको मूलचोकमा राजा र उनका भारदारहरु लगायत भक्तपुरका २४ वटै टोलका प्रधानहरुबीच छलफल भयो, प्रजाबाट पनि जनमत लिइयो । अन्त्यमा सबैले पुरानो वैरभावलाई बिर्सेर शरण आएकोलाई मरण नगर्ने र लड्न परे तापनि लड्ने भनी राजालाई बिन्ति चढाएकाले राजाले पृथ्वीनारायण शाहको पत्रलाई लत्याई दिए । दुवै राजालाई ससम्मान भक्तपुरमा बस्न दिइयो । उनको यो कदम सर्वथा उचित र न्यायसंगत कदम थियो किनकि यसले धर्म, न्याय र सहिष्णुताको आदर्शलाई पछ्याएको थियो । यस भन्दा पनि महत्वपूर्ण कुरा के थियो भने राज्यमा जस्तोसुकै संकट आइपर्दा पनि त्यसबारे के गर्ने भन्ने सवालमा जनताको राय लिने उनको जुन मान्यता रह्यो त्यसले गर्दा उनी प्रजातन्त्रप्रेमी राजा थिए भन्ने कुरामा कसैको दुइमत हुन सक्तैन । यसपछि पृथ्वीनारायणशाहले रणजितमल्ललाई आत्मसमर्पण गर्न अनुरोध गरे, तर उनले आत्मसमर्पण गरेनन् ।

यद्यपि उनलाई यो कुरा थाहा थियो कि अब भक्तपुर राज्य धेरै दिनसम्म स्वतन्त्र रहन सक्तैन । किनकि वरपरका सबै राज्यहरु गोरखाको अधीनमा गइसकेकाले अब भक्तपुर एक्लैले मात्र केही गर्न सक्तैनथ्यो भन्ने कुरा

उनलाई राम्ररी थाहा थियो पहिलो कुरा, दोस्रो कुरा आफू पछिको भक्तपुर राज्यको वैध उत्तराधिकारी बाँकी नरहनु, किनकि ठ्याहा र मठ्याहा (ल्याइते र ब्याइतेपट्टिका) छोराहरु बीच भएको सत्ता संघर्षमा यसबेलासम्म राज्यका वैध उत्तराधिकारी युवराज वीरनरसिंहको विष प्रयोगद्वारा हत्या भइसकेको थियो । तेस्रो कुरा, त्यसबेला घटेको एउटा दैवीय घटनाको प्रभाव । घटना के थियो भने भाषा वंशावली अनुसार दशैंमा कुमारीको पूजा गरी भोजनको क्रममा कुमारीले राजालाई दिने नीलकमलको फूल रणजित मल्ललाई नदिएर नजिकै बसेका मित छोरा पृथ्वीनारायण शाहलाई दिए । त्यसपछि राजा प्रजा सबैले अब नेपाल यिनैको हुने भयो भनी भन्न लागे । यस घटनाबाट उनमा ठूलो मनोवैज्ञानिक असर पर्न गएको थियो अर्थात् अब आफूपछि नेपाल उपत्यकामा सूर्यवंशी मल्ल राजाहरुको अस्तित्व सदाका लागि समाप्त हुँदैछ भन्ने उनलाई लाग्नु । यसरी राजा रणजित मल्ल शारीरिक रुपले वृद्ध हुनुका साथै मानसिक रुपले पनि निरास र चिन्ताग्रस्त थिए भन्ने देखिन्छ । तथापि जयप्रकाश मल्लले उनलाई हौसला दिँदै प्रत्याक्रमणका लागि उक्साइरहेका थिए । जयप्रकाश मल्लले भक्तपुरबाटै चौदण्डीका राजा कर्णसेन र अंग्रेजसंग सहायता मागी पठाए । यसरी उनी गोरखालीका विरुद्ध युद्धको तयारीमा लागे । साथै उनले रणजित मल्लका मठ्याहा (अबैध) छोराहरु अजितसिंह र अवधूतसिंहलाई पनि भक्तपुरको उत्तराधिकारी शासक बनाउने बचन दिई आफ्नो पक्षमा मिलाएका थिए । मठ्याहा (ल्याइतेपट्टिका) छोराहरुको जिद्दीलाई रणजित मल्लले नाइँ भन्न सकेनन् । जनता र जयप्रकाशको साथ पाएका रणजितमल्लले क्षत्रीय धर्मअनुसार युद्धको आह्वान गरे । यसरी भक्तपुरमा जयप्रकाश मल्लको नेतृत्व र सक्रियतामा सैनिक संगठन व्यापक रुपमा शुरु गरियो । यसमा भक्तपुरका स्थायी सेनाका अलावा मधेसी सेना, चौदण्डीबाट आएका किराती, काम्बोज (भोटे) तथा खस सैनिकहरु पनि थिए । खसहरु मल्लराजाहरुको सेनामा भर्ति हुने चलन धेरै पहिलेदेखि नै थियो । जस्तो- थापा, पाँडे, खड्का, कार्की आदि खसहरु लगायत मगर, तामाङ आदि जनजातिहरु समेत उपत्यकाको मल्ल सेनामा पहिले देखि नै संलग्न थिए भन्ने कुरा विभिन्न ऐतिहासिक घटनाहरुले पुष्टि गर्दछ । जस्तै- नुवाकोटका उमराव जयन्त राना, पलाञ्चोक किल्लाका क्वाठनायक काशीराम थापा, परशुराम थापाहरु त्यस्तै कान्तिपुरका शक्तिशाली चौतारा लक्ष्मीनारायण जोशीको अवसानमा खड्का सैनिकहरुको भूमिका आदि दृष्टान्तबाट उपरोक्त तथ्यको पुष्टि हुन्छ । र यी सैनिकहरुमा कसै-कसैलाई बन्दूकसम्म दिइएको कुराबाट भक्तपुरको सैनिक प्रवन्ध पनि त्यतिबेला निक्कै बलियो भएको कुरा अनुमान हुन्छ । उतातिर, भक्तपुर विजय गर्ने सेनाको नेतृत्व पृथ्वीनारायण शाहले आफ्ना कान्छा भाइ सुरप्रताप शाहलाई दिएका थिए ।

भक्तपुर विजयका लागि उनले आफ्नो सम्पूर्ण शक्ति लगाएका देखिन्छन् । किनकि सुरप्रतापको सहयोगका लागि एक से एक राम्रा सुरवीर गोरखाली योद्धाहरु खटाइएका थिए । जस्तो–कालुपाण्डेका छोरा वंशराज पाण्डे, शिवरामसिंह बस्नेतका छोरा केहरसिंह बस्नेत र उनका भाइहरु, स्वरुपसिंह कार्की, अमरसिंह थापा, जंगबहादुर राणाका बाज्ये रामकृष्ण कुँवर आदि थिए । भक्तपुरतर्फ पनि एक से एक राम्रा साहसी योद्धा थिए । दुई दिन सम्म चलेको यस युद्धमा दुई हजार भन्दा बढीले आफ्नो प्राण आहुति गरेबाट यो युद्ध बहादुरीका साथ लडिएको थियो भन्ने कुरा स्पष्ट हुन्छ । तर इतिहास जहिले पनि जित्नेको मात्र हुन्छ भने झैं तिनको नाम युद्धको पराजयसंगै इतिहासको गर्भभित्र धुमिल भएर गएको देखिन्छ ।

पृथ्वीनारायण शाहले ज्योतिषी कुलानन्दले हेरेको साइतमा ने.सं. ८९० अर्थात् वि.सं. १८२६ कार्तिक शुक्ल द्वादशीका दिन राति भक्तपुरमा आक्रमण गरे । गोरखाली सैनिकहरु लगभग १५०० को संख्यामा थिए, जसमध्ये आधा सेनासंग बन्दूक थियो भने बाँकी आधासंग धनु, काँड र खुकुरी आदि थिए । यस युद्धमा गोर्खाली फौजले साना तोपबाट पनि आक्रमण गरेका थिए । जुन तोप गोर्खालीले सिन्धुली गढीको युद्धमा कप्तान किनलोकको अंग्रेजी फौजबाट खोसेको अनुमान हुन्छ । भक्तपुरतर्फ पनि निक्कै सेना थिए । भक्तपुरका स्थायी सेना बाहेक जयप्रकाश मल्लका नगरकोटी सेना (मधेसी सेना) तथा चौदण्डीबाट आएका किराती सैनिकहरु पनि थिए । यसभन्दा पनि महत्वपूर्ण कुरा के थियो भने भक्तपुरका जनता यसबेला गोरखालीका विरुद्ध लड्न आपसमा एक जुट भएका थिए । र एउटा कुरा के भने स्थानीय संगठित जनशक्तिका सामुबाह्य सैन्यशक्तिको केही जोर चल्दैन । यसको एउटा दृष्टान्त फ्रान्सका सम्राट नेपोलियन बोनापार्टको सन १८१३ को असफल मस्को

अभियानलाई दिन सकिन्छ । भक्तपुरको युद्ध पनि गोरखालीका लागि फलामको चिउरा चपाए सरह थियो । किनकि यो युद्ध भक्तपुरका सेनासंगको मात्र नभई स्थानीयवासी भक्तपुरे जनतासंगको पनि युद्ध थियो । सोझो हिसाबले गोरखालीका निम्ति युद्ध जित्न कठीन थियो । भक्तपुरका संगठित प्रजासंग लड्न गाह्रो हुने ठानेर पृथ्वीनारायण शाहले आतङ्कको शैली अपनाएका थिए । जस्तोकि प्रजाहरुको उत्साह र संगठनलाई कमजोर पार्न युद्धका बेला सर्वसाधारणका घर-घरमा आगो लगाइदिने, खेतखेतमा गएर पाकेको धानबालीमा आगो लगाउने, बाहिरबाट आएका खाद्यान्न खोस्ने, जनताका सम्पति लुट्ने आदि कार्य समेत गरेका थिए । सामरिक गढको रुपमा रहेको भक्तपुरमाथि आक्रमण गरेर विजय प्राप्त गर्न सहज थिएन । यसैले अरु नै उपायबाट भक्तपुरका जनतालाई लाचार बनाउने जुक्तिमा लागे । तर जतिसुकै डर, धम्की, त्रास वा प्रलोभन देखाए पनि भक्तपुरको जनमानसमा कुनै परिवर्तन आएन । आक्रमणको क्रममा गोरखाली फौजले सर्वप्रथम भक्तपुरलाई चारैतिरबाट घेरे । वरिपरीका ठिमी, नगदेश, बोडे, चाँगु, साँखु, नगरकोट, साङ्गा आदि सबै प्रदेशहरु गोरखाली फौजले कब्जा गरिसकेका थिए । ठिमीका द्वारे नरसिंह गोरखालीसंग मिलेको हुनाले बिना युद्ध ठिमी कब्जा भयो । पृथ्वीनारायण शाहले द्वारेकै घरमा एक रात बिताएका थिए ।

मल्ल राजाहरु शहर पस्ने सबै ढोकाहरु बन्द गरेर बसेका थिए । मध्यकालीन सुरक्षित गढ रुपको बस्ती भएकाले भक्तपुरका बाटाघाटा, गल्ली, चोकहरुबाट गोरखालीहरु अनभिज्ञ थिए । यद्यपि पृथ्वीनारायण शाह स्वयम् केही वर्ष यहाँ बसी यहाँको सबै वस्तुस्थिति थाहा पाएकाले र समग्र युद्धको नेतृत्व पनि उनैले गरेकाले गोरखाली फौजलाई आक्रमण गर्न त्यति असहज भएन । तर पनि घरका छाना, छाना चढ्दै गोली वर्षाउँदै अगाडि बढेकाले यहाँको भौगोलिक अवस्थाबाट उनीहरु बेखबर थिए कि भन्ने अनुमान हुन्छ । तर गोरखाली फौजलाई भक्तपुर प्रवेश गर्न विशेष बाधा परेन । फादर स्टिलरका अनुसार गोरखालीहरु सर्वप्रथम नगरको पूर्वीद्वारबाट भक्तपुर छिरेका थिए । त्यसबेला रातको समय थियो । त्यसपछि उत्तरी प्रवेशद्वारबाट भित्र छिरे । अब यहाँनेर प्रश्न के उठद्छ भने कान्तिपुर भक्तपुरदेखि पश्चिमी दिशामा पर्ने भएको हुनाले कान्तिपुरतिरबाट आएका गोरखालीहरु पश्चिमीद्वारबाट भक्तपुर नछिरी पूर्वीद्वारबाट छिरेको हुनाले संभवतः पश्चिमीद्वारको किल्लामा भक्तपुरका जनताले गोरखालीको कडा प्रतिरोध गरेको देखिन्छ । किनकि त्यसक्षेत्रमा (दरबार क्षेत्रको पश्चिमी भेग अर्थात् खौमा टोलतिर) अद्यापि मल्लराजाका सन्तानहरुको बसोबास रहेको पाइन्छ । सूर्यविक्रम ज्ञवालीका अनुसार भक्तपुरको पूर्वमा पर्ने मूलढोका रक्षा गरी बस्ने पाटने काजीहरु लडाई नै नगरी भागेका हुँदा गोरखाली फौजलाई छेक्ने कोही भएन र फौज सरासर गई महालक्ष्मी स्थानमा पुगी त्यहीं आड लिई बस्यो । अर्को गोरखाली फौज ब्रम्हायणीदेवीको ढोकाबाट पसी हाडीक्षेत्रमा ? पुगी त्यहीं आड लिई बस्यो । त्यो रात गोरखाली फौज उपयुक्त स्थानमा मुकाम कायम गरी बस्यो । भोलिपल्ट बिहान गोरखाली फौज आ-आफ्ना स्थानबाट अगाडि बढी सुकुलढोकामा भेला भए । त्यहाँबाट आधा सेना जगन्नाथ देवलतिर लागे भने अर्को भाग अर्केतिरबाट अगि बढ्यो । दिनभर युद्ध चल्यो । यो युद्ध खुल्ला मैदानको युद्ध जस्तै थियो अर्थात् यसमा दुवै पक्षबाट साहस र वीरता प्रदर्शन गरिएको थियो । तर पनि गोरखाली फौजले युद्धको नियम पालन गरेको देखिंदैन । किनकि युद्धको सामान्य नियमअनुसार रातको समयमा युद्ध रोक्नु पर्दथ्यो, तर रोकिएन । रातभरि पनि युद्ध चलिरह्यो । गोरखालीहरु कोही दरवारका छाना चढेर तथा कोही सुवर्णद्वारबाट मूलचोकमा पसेर गोली वर्षाउन थाले । गोरखालीहरुद्वारा दागिएका गोलीका दागहरु अद्यावधि त्यहाँ देख्न सकिन्छ ।

भोलिपल्ट विहान मल्ल राजाहरु बसिरहेको हिटीचोक दरवारको छानामा चढेर गोरखालीहरु दरवार कव्जा गर्न आइपुगे । त्यहाँ जयप्रकाश मल्लले ल्याएका नगरकोटी सेनाको गोरखाली सेनासंग ठूलो भिडन्त भयो । त्यस दरवारमा सुरक्षा नहुने देखेर मल्ल राजाहरु कतै नजोडिएको अग्लो छाना भएको पश्चिमतिरको चौकोट दरवारमा सर्न लागे । रणजितमल्ल र तेजनरसिंहमल्ल ठूलो युक्तिकासाथ चौकोट दरवारको माथिल्लो भागमा पुगे, तर कान्तिपुरका राजा जयप्रकाश मल्ल अलि पछि परेकाले भर्याङ्ग चढ्न लाग्दा एकाएक एउटा गोली आएर उनको दाहिने खुट्टामा लाग्यो । र उनी हिंड्न नसक्ने भए । राजा रणजितमल्ल र तेजनरसिंह मल्लले घाइते जयप्रकाशलाई तानेर कोठाभित्र पुर्‍याए । युद्ध चर्किरहेको थियो । भक्तपुरे सेनाको नेतृत्व जयप्रकाश मल्लले गर्दै

आएको र अब उनी स्वयम् नै घाइते भएपछि राजा रणजित मल्ल हतोत्साहित भए । र अब आफ्नो अन्तिम समय आएको बुझेर उनले आफ्ना अङ्गरक्षक हेमनारायणको सल्लाहमा आत्मसमर्पण गर्ने निर्णय गरी आफूले लगाइराखेको पगरी फुकालेर झ्याल बाहिर झुण्ड्याइ दिए । आत्मसमर्पण गरेको बुझेर गोरखाली फौजले युद्ध बन्द गरे । सुरप्रताप शाहले माथि गएर मल्ल राजाहरुलाई घेरेर नियन्त्रणमा लिए । यसरी दुई हजार भन्दा बढी मानिसहरुको मृत्यु र पाँच सयभन्दा बढी घरहरु आगलागीमा ध्वस्त भएपछि वि.सं १८२६ मार्ग १ गते आइतबार कार्तिक शुक्ल चतुर्दशीका दिन भक्तपुरमा पृथ्वीनारायण शाहको अधिकार कायम भयो । कसैकसैको भनाई अनुसार भक्तपुरका भारदारहरुलाई पृथ्वीनारायण शाहले भित्रभित्रै आफ्नो पक्षमा मिलाइसकेकाले यस युद्धमा भक्तपुरले पराजय भोग्नु परेको थियो । तर यो भनाई गलत देखिन्छ । किनकि यदि यसरी सहयोग गरेको भए त्यस्ता भारदारहरुलाई पृथ्वीनारायण शाहले यसपछि उचित सम्मान दिनु पर्ने हो, तर गोरखाली राज्य प्रशासनको कुनै पनि महत्वपूर्ण ओहोदामा भक्तपुरका नेवारहरुले कहिले पनि स्थान नपाउनुले त्यो भनाई केवल भ्रम मात्र हो भन्ने देखिन्छ । बरु मल्ल राजाहरुका सन्तानहरुलाई यसपछि खोजी खोजी मार्ने काम गोरखालीहरुबाट भएको थियो । यसैले रणजित मल्लका मठ्याहा छोराहरुले उनलाई भक्तपुरमाथि आक्रमण गर्न उक्साए भन्ने भनाई पनि गलत देखिन्छ ।

यस आक्रमणमा विजयी भएपछि पृथ्वीनारायण शाहले भक्तपुरमा गएर तीनै राजाहरुलाई भेटे । जयप्रकाश मल्ललाई उनैको ईच्छाअनुसार पशुपति आर्यघाट पठाइदिए । खुट्टाको घाउको पीडाले त्यहीं वि.सं. १८२६ मार्ग २६ गते उनको मृत्यु भयो । तेजनरसिंह मल्लले केही माग गर्न नसक्दा उनी कैद गरिए । कैदी अवस्थामै तिनको मृत्यु भयो । भक्तपुर र कान्तिपुरका राजाहरु प्रसिद्ध मल्लवंशका राजपुत्र थिए, तर तेजनरसिंह मल्ल सामान्य दुनियाँ सरहका मानिस थिए । छ प्रधानहरुले राजा बनाउने क्रममै सोझो एवं धनी तेजनरसिंह मल्ललाई ललितपुर(पाटन)को राजा बनाइएको थियो । यसैले लक्ष्मीपुरमा नजरबन्द गर्न पठाइयो । त्यहीं तिनको मृत्यु भयो । तर पाटनका राजा तेजनरसिंह मल्लप्रति कडा व्यवहार हुनुमा यसभन्दा पनि महत्वपूर्ण कारण के हुन सक्छ भने उनी जयप्रकाश मल्ल जस्तै मृत्युशैयामा थिएनन् न त रणजित मल्ल जस्तै वृद्ध उमेरका नै थिए । पृथ्वीनारायणसंग उनको कुनै सम्बन्ध थिएन । अतः उनलाई स्वतन्त्र छोडेमा पृथ्वीनारायण शाह खतरामा पर्न सक्थ्यो । उनले बदला लिन सक्ने संभावना थियो । यसका साथै पाटनले आफ्ना भाइ दलमर्दन शाहप्रति गरेको दुर्व्यवहारको बदला लिने भावना पनि पृथ्वीनारायण शाहमा आएको हुनसक्छ । रणजित मल्ललाई भने मीतबाबा भएका नाताले र आफ्नो एकीकरण अभियानमा परोक्ष रुपमा भएपनि सहयोग पाएका हुनाले उपत्यकाका केही गाउँहरुको राजा भएर बस्ने आगह गरे । ६७ वर्ष उमेर पुगिसकेका रणजित मल्लले सीमित ईलाकाको राजा भएर गोरखालीको अधीनमा बस्नु भन्दा काशीवास जानु नै श्रेयस्कर ठाने । उनको ईच्छाअनुसार पृथ्वीनारायण शाहले काशी जाने व्यवस्था गरिदिए । उपत्यका छोडेको अठार महिना पछि उनको काशीमै मृत्यु भयो । यसरी रणजित मल्ल नेपाल उपत्यकाका अन्तिम मल्ल राजा देखिन्छन् । किनकि भक्तपुरमा रणजित मल्लको पतन भएपछि नै नेपालबाट पूर्ण रुपले मल्ल राजवंशको अन्त्य भएको थियो ।

## निष्कर्ष

भक्तपुरमाथिको गोरखाली आक्रमण पृथ्वीनारायण शाह र मल्ल शासकहरु बीच वि.सं. १७९४ देखि चल्दै आएको लामोयुद्धको अन्त थियो । यसैले यो दुवै पक्षबीचको अन्तिम र निर्णायक युद्ध बनेको थियो । यो दुवै पक्षका लागि प्रतिष्ठाको युद्ध भएकोले यसमा दुवै पक्षले आ-आफ्नो अन्तिम शक्ति र सामर्थ्य देखाए । फलस्वरुप यो ठूलो ध्वंसात्मक युद्ध साबित भयो । जसमा भक्तपुर शहरका ५०१ घर खरानी हुनाका साथै दुई हजार भन्दा बढीले वीरगति प्राप्त गरे । यताबाट गोरखाली आक्रमणलाई भक्तपुरवासीले अदम्य साहस र वीरताका साथ डटेर सामना गरेको थियो भन्ने थाहा हुन्छ । यतिको ठूलो धनजनको नोक्सानी यतिबेलासम्म कतैको आक्रमणमा पनि भएको थिएन । भारतमा समेत ब्रिटिश साम्राज्य स्थापनार्थ लडिएको सन १७५७ को पलासी युद्ध र त्यसपछिको बक्सर युद्धमा पनि यतिको नोक्सानी भएको थिएन । वास्तवमा नेवारहरुको पराक्रम र बहादुरीको कुरा चल्दा

कीर्तिपुर आक्रमण मात्र अगाडि आउने गरेको सन्दर्भमा यो भक्तपुर आक्रमण त्यसभन्दा अझ वीरता र साहसका साथ प्रतिकार गरिएको घटना थियो । किनकि यो आफ्नो पहिचान र अस्तित्व रक्षाका निम्ति गरिएको अन्तिम प्रयास थियो । यसरी आश्चर्यजनक कलाकौशल, इतिहास, संस्कृतिका धनी नेवारहरुले यसमा आफ्नो वीरताको पनि परिचय प्रस्तुत गरे । जयप्रकाश मल्लले कान्तिपुरमा भएको गोरखाको आकस्मिक हमला सामना गर्न नसके पनि यस युद्धमा उनले बहादुरीसाथ लडेर वीरताको परिचय दिए । उनको यस वीरतादेखि पृथ्वीनारायण शाह स्वयं पनि अत्यन्त प्रभावित भए । उनीप्रति राजकीय व्यवहार देखाए ।

## पाद टिप्पणी

१. लुडवीग एफ. स्टिलर,*दि राइज अफ दि हाउस अफ गोरखा,* काठमाडौंः रत्न पुस्तक भण्डार, ई.सं. १९७५, पृ. १३१ ।
२. तुल्सीराम वैद्य र तीर्थप्रसाद मिश्र, *आधुनिक नेपालको राजनैतिक इतिहास,* काठमाडौंः ने.ए.अ.केन्द्र, त्रि.वि., वि.सं. २०५४,पृ. ४९ ।
३. *ऐजन,* पृ. ५१ ।
४. (क) भोलानाथ पौडेल, *भक्तपुरको राजकुलो,* काठमाडौंः आगम प्रकाशन, वि.सं. २०६५, पृ. ३८ र ४१ ।
(ख) टि. आर. वैद्य,*जयप्रकाश मल्लः दि ब्रेभ मल्ल किङ्ग अफ कान्तिपुर,* न्यू दिल्लीः अनमोल पव्लिकेसन, प्रा.लि.,ई.सं. १९९६, पृ. २४ ।
५. बलराम कायस्थ, "धार्मिक र साँस्कृतिक पर्व बिस्केट जात्राको राजनैतिक पक्षको विश्लेषण,"*हिसान,* २०१३, (जर्नल अफ हिस्टोरी एशोसिएसन अफ नेपाल), पृ. ७८ ।
६. (क) तीर्थप्रसाद मिश्र, "भक्तपुर राज्यमा जनसहभागिताः एक ऐतिहासिक चर्चा,"*खोपृङ,* वर्ष ३, अंक ३, वि.सं २०५१, पृ. २४ ।
(ख) भक्तपुरको दत्तात्रय मन्दिरमा आइ बसेका काठमाडौंका राजा जयप्रकाश मल्ल तथा पाटनका राजा तेजनरसिंह मल्लले भक्तपुरका राजा रणजित मल्लकहाँ शरण मागेको खबर पठाए । शरण दिने नदिने विषयमा पचपन्न झ्यालयुक्त राजप्रासादको मूलचोकमा राजा र उनका भारदारहरुबीच छलफल भयो .... । समान स्वरुपका कला, संस्कृति, धर्म, भाषा भएका राजाहरुप्रति खतरापूर्ण शरण दिने विषयमा, त्यसमा पनि रगतको सम्बन्ध समेत भएको कुरामा सहिष्णुता जाग्नु अस्वाभाविक थिएन । यसैले दुवै राजाहरुलाई आफ्नो दरबारमा शरण दिने कुरामा मतैक्य भयो र शरण दिइयो । तीन राजाहरु एक ठाउँमा जम्मा मात्र के भएका थिए यतिकैमा राजा रणजित मल्लकहाँ दरबारको ढोका बाहिरबाट पठाइएको पत्र पुर्‍याइयो –"मितबा मैले दुई मृगलाई लखेटेर ल्यायाका थियाँ, यिनीहरु यहाँ आइ पुग्याछन् , मलाई सुम्पी दिनु होस् ....।" प्रतापी, सुसाँस्कृतिक र धर्मभिरु चरित्र भएका त्यस्ता महापुरुष राजाहरुलाई दुई मृग लखेटेर ल्याएको, राजाको दरबारमा बसेकालाई सुम्पिदिनुहोस् भन्ने जस्ता तुच्छबोली, अशोभनीय व्यवहार, हेलाँका शब्दहरुले लेखिएका पत्र देख्दा, पाउँदा स्वाभिमानी मानिसलाई मानसिक वेदनाका साथै शारीरिक कम्पन हुनु ऐतिहासिक सत्यता थियो, ....यसैले रणजित मल्लले "शरण पर्न्याको मरण गर्न्या छैन" भनेर दरबार बाहिर हतियारले लेस पृथ्वीनारायण शाहका दूतलाई जवाफ दिएर पठाए । – ऐश्वर्यलाल प्रधानाङ्ग, "नेपालका अन्तिम मल्लराजाहरुका अन्तिम घडी,"*खोपृङ,* वर्ष २, अंक २,(वि.सं. २०५०), पृ. ९–१३ ।
७. त्यतिखेर भक्तपुर दरबारक्षेत्रको अगाडिपट्टि ईपाछें नामको ठाउँ थियो, जहाँ सँजाय पाउने अपराधीहरु राखिने झ्यालखाना थियो । यसक्रममा ईपाछेंमा थुनिएका अपराधीहरुलाई हिटीलिवी नामक घरमा सारी ईपाछेंको सरसफाई गरी त्यसमा कान्तिपुरका राजा जयप्रकाश मल्लको बस्ने व्यवस्था गरियो । पाटनका राजा तेजनरसिंह मल्ललाई नजिकैको एउटा राजोपाध्याय ब्राम्हणको घरमा राखियो । –स्थानीय ईच्छु टोल निवासी नारायण हाडा (वर्ष ८२) बाट प्राप्त जानकारीको आधारमा ।
८. वैद्य र मिश्र, पा.टि.नं. २, पृ. ४९ ।
९. देवीप्रसाद लम्साल, *भाषा वंशावली भाग दुई,* काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. ५४ ।
१०. सुरेन्द्र के.सी., *आधुनिक नेपाल,* काठमाडौंः पैरवी प्रकाशन, वि.सं. २०५९, पृ. ४६ ।
११. धनवज्र वज्राचार्य(सं.), *इतिहास संशोधनको प्रमाणप्रमेय प्रथम भाग,* ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०१९, पृ. १८८ ।
१२. सूर्यविक्रम ज्ञवाली, *पृथ्वीनारायण शाह,* दार्जिलिंगः नेपाली साहित्य सम्मेलन, वि.सं. २०३३, पृ. १५६ ।
१३. *ऐजन,* पृ. १७ ।
१४. *ऐजन,* पृ. १५६ ।
१५. वज्राचार्य, पादटिप्पणी नं. ११, पृ. ९० ।
१६. स्टीलर, पा.टि.नं. १, पृ. १३१ ।
१७. *ऐजन ।*
१८. ज्ञवाली, पादटिप्पणी नं. १२,पृ. १५६ ।
१९ किनकि महादेशीय प्रणाली कार्यान्वयन गर्ने कुरामा रुसले साथ नदिएकाले त्यसको पाठ सिकाउन फ्रान्सका सम्राट नेपोलियन बोनापार्ट आफ्ना अविजित ६ लाख सेनासहित मस्कोमाथि आक्रमण गर्न पुगेका थिए । तर नेपोलियनलाई यस आक्रमणको

मूल्य निक्कै महङ्गो पर्न गयो । किनभने उक्त आक्रमणको प्रतिकार रुसी सेनाले मात्र नभै रुसका स्थानीय जनताले पनि गरेका थिए । फलस्वरुप त्यत्रो विशाल ६ लाख सेनामध्ये २० हजार मात्र मुश्कीलले ज्यान जोगाएर फ्रान्स फर्कन सके । उनको पतनको दिनगन्ती पनि यहींबाट प्रारम्भ भएको मानिन्छ ।

२० वैद्य र मिश्र, पादटिप्पणी नं, २, पृ.४९–५० ।

२१ स्टिलर, पादटिप्पणी नं. १, पृ. १३१ ।

२२ स्थलगत अध्ययनबाट प्राप्त जानकारीको आधारमा ।

२३ ज्ञवाली, पादटिप्पणी नं. १२, पृ.१५७ ।

२४ स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारीको आधारमा ।

२५ जयप्रकाश मल्लले ल्याएका नगरकोटी सैनिकहरु साहस र पराक्रमका क्षेत्रमा गोरखाली भन्दा कम थिएनन् । लगभग ३०० संख्यामा रहेका यी सेनालाई मधेसी सेना पनि भनिन्थ्यो । यिनीहरु कुमाउ गढवालतिरबाट आएका हुन् । गोरखाली आक्रमणका बेला भक्तपुर दरबारक्षेत्रको रक्षार्थ यिनीहरु खटिएका थिए । विशेषगरेर स्वर्णद्वारदेखि मूलचोकसम्म यिनले गोरखालीसंग घमासान युद्ध गरे । आमने सामनेको युद्धमा यिनको तरवारका सामु गोरखालीका खुकुरीको केही जोर चलेको थिएन । अन्तिम समयसम्म पनि यिनीहरु युद्धमा डटिरहे । युद्ध पश्चात् पृथ्वीनारायण शाहले यिनको नृशंसतापूर्वक दमन गरे । यसैले भक्तपुरका बुढापाकाहरु अद्यापि के भन्ने गर्दछन् भने गोरखालीले आधुनिक अंग्रेजी बन्दूक पड्काएर नै भक्तपुर जित्न सकेका हुन् । त्यस्तो बन्दूक भक्तपुरसंग थिएन ।– स्थानीयवासीबाट प्राप्त जानकारीको आधारमा ।

२६ ज्ञवाली, पादटिप्पणी नं. १२, पृ. १५८ ।

२७ वज्राचार्य, पादटिप्पणी नं. ११, पृ. ९१ ।

२८ ज्ञवाली, पादटिप्पणी नं. १२, पृ. १६० ।

२९ वैद्य र मिश्र, पादटिप्पणी नं. २, पृ. ५२ ।